# सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय : एक परिचय

**१. परिचय :**
अदालतबाट भएको फैसला कार्यान्वयन सम्बन्धमा न्यापालिका भित्र र वाहिर पनि वेलावखतमा चासो व्यक्त भएको पाईन्छ यद्यपी योजनावद्ध प्रयास भने भर्खरै मात्र देखिएको हो । समय–समयमा विगतमा देखिएको चासो र योजननबद्व अध्ययनहरु मध्ये उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८, अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, २०५५, अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८, फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरु विषयक अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०६४ आदि अत्यन्त महत्वका छन् ।

फैसला कार्यान्वयनको स्थिति निकै कमजोर रहेको हुनाले सर्वोच्च अदालतको दोश्रो पंच वर्षिय रणनीतिक योजनामा समेत यस तथ्यलाई आत्मासाथ गर्दै प्रभावकारी रुपमा फैसला कर्यान्वयन गर्नको लागि विशेष जोड दिइएको छ । सर्वोच्च अदालतको पूर्ण वैठको मिति २०६६।१।२९ को सैद्वान्तिक निर्णय तथा प्रधानन्यायाधीश मिन बहादुर रायमाझीको मिति २०६६।२।२७ को निर्णयानुसार फैसला कार्यान्वयन निर्देशनालयको स्थापना समेत गरिएको छ । हाल यसको संस्थागत क्षमता अभिवृद्धि गर्ने तर्फ कृयाशिल रहेको छ । सर्वोच्च अदालत नियमावलीमा संशोधन भई यस निर्देशनालयले कानुनी अस्तित्व समेत प्राप्त गरेको छ ।

अदालतले न्याय गरेर मात्र हुदैन त्यसको अनुभूति पनि हुनु पर्दछ । न्यायको अनुभूति त्यत्तिखेर मात्र हुन्छ जव सार्थक रुपमा फैसला कार्यान्वयन हुन्छ । कार्यान्वयन विनाको फैसला केवल अदालती घोषणामा मात्र सिमित रहने हुनाले वास्तविक अर्थमा न्याय प्राप्त गरेको आभाष हुनको लागि फैसला कार्यान्वयन गरिन आवश्यक छ ।  न्यायको सार्थक एवम् वास्तविक रुप फैसला कार्यान्वयन हो । फैसलाले न्यायको घोषणा गर्दछ भने यसको कार्यान्वयनले मात्र पुर्णता प्राप्त गर्दछ र साँचो अर्थमा जनताले न्याय प्राप्त गरेको हुन जान्छ ।

विवादको शान्तीपूर्ण समाधान गर्नको लागि अदालत  तथा न्यायिक निकायहरुमा प्रवेश गर्नुको एक मात्र उद्देश्य त्यस्ता निकायहरुबाट गरिएको फैसला प्रभावकारी ढङ्गबाट कार्यान्वयन हुन्छ भन्ने विश्वास एवम् आस्था नै हो । अदालतको निर्णय कार्यान्वयन नहुने तथा अदालतको फैसला अनुशरण गरे पनि हुने, नगरे पनि हुने वा त्यस्तो निर्णय कार्यान्वयन गर्ने वा नगर्ने भन्ने कुरा सम्वन्धित व्यक्तिको ईच्छामा निर्भर हुने हो भने विवादको समाधानको लागि अदालत प्रवेश गर्नुको कुनै औचित्य रहदैन । गरिएको निर्णयको कार्यान्वयन भएमा नै जनतको विश्वास कायम रहन्छ र अदालत प्रति सदैव भरोसा रही रहन्छ । फैसला कार्यान्वयन महत्वपूर्ण हुँदा हुदै पनि अपेक्षाकृत रुपमा सफलता प्राप्त हुन सकि रहेको छैन । खासगरी फौजदारी विषयवस्तुहरुमा अदालतहरुबाट तोकिएको दण्ड जरिवाना समयमै असुल उपर हुन नसक्दा समाजमा नकरात्मक असर पर्न जाने निश्चित प्रायः छ । फैसला कार्यान्वयन प्रभावकारी रुपमा हुन नसके समाजमा दण्डहिनताले प्रश्रय पाउँछ । फैसला कार्यान्वयन समयमा हुन नसके अदालतप्रतिको जन आस्थामा समेत असर पर्न जाने हुन्छ । देवानी प्रकृतिको विषयवस्तुहरुमा पक्षहरुको सक्रियता अलि बढी हुने भएकोले अदालतबाट गरिएका फैसलाहरु कार्यान्वयन हुने दर त्यति निराशजनक छैन । तर

फौजदारी विषयवस्तुमा राज्यको सक्रियता हुनु पर्ने हुनाले यथोचित रुपमा राज्यको सक्रियता हुन नसकेको कारणले गर्दा अदालतका फैसलाहरु कार्यान्वय हुन नसकेको अवस्था छ ।

No Judgement of any Court, no order of any Judges, is of any use unless it can be enforced. (कार्यान्वयन विनाको फैसला वा आदेशको कुनै अर्थ छैन् ।) -(Lord Denning)

*executio est finis et fructus legis.* ( An execution is the end and the fruit of law.)
(फैसाला कार्यान्वयन नै कानूनी प्रकृयाको समाप्ति र कानुनले दिने फल वा परिणाम हो ।)

Winning a Judgment may be only half the battle... collecting it, the other half.
(मुद्धा जित्नु भनेको आधा युद्ध मात्र जित्नु हो । जितेको कुरा प्राप्त गरे पछि मात्र पुरै युद्ध जितिन्छ ।

फैसला कार्यान्वयन नभए कागजी न्याय मात्र हुने र अदालत प्रति जन आस्था नरहने ।
–(शाही न्याय सुधार आयोग प्रतिवेदन)

फैसला तथा अन्तिम आदेशलाई मूर्तरुप दिने काम फैसला कार्यान्वयनबाट मात्र हुने अन्यथा कागजी न्याय मात्र हुने । – (अदालत सुदृढिकरण सुझाव समितिको प्रतिवेदन, २०५८)

न्यायपालिकाको दोस्रो योजना (२०६६-०७१) ले पनि फैसला कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखेको छ । फैसला कार्यान्वयनको विषय फौज्दारी न्याय प्रशासनमा आवश्यकता अनुसार प्राथमिकतामा पर्न नसकेको यथार्थतालाई आत्मसाथ गर्दे सर्वोच्च अदालतले दोश्रो पञ्चवर्षिय रणनीतिक योजनामा यसलाई उच्च प्राथमिकतामा राखेको छ । रणनीतिक योजनाको उपाय नं. २ देहाय बमोजिम रहेको छ :[1]

२.१ फैसला कार्यान्वयन निर्देशनालय स्थापना र सुदृढीकरण गर्ने
२.२ फैसला कार्यान्वयन निकायको क्षमता बृद्धि गर्ने
२.३ असुल तहसिललाई प्रभावकारी बनाउन दण्ड, जरिवानाको लगत व्यवस्थित गर्ने
२.४ मुद्दाको जिन्सी व्यवस्थापन गर्ने
२.५ धरौट तथा जेथा जमानतको प्रभावकारी व्यवस्थापन गर्ने
२.६ सार्वजनिक सरोकारको विषयमा जारी भएका निर्देशनात्मक आदेश कार्यान्वयनको अनुगमन गर्ने

## २. फैसला कार्यान्वयनको महत्व :

अन्तिम फैसलावाट ठहर वमोजिमको भाग प्राप्त गर्नलाई संवन्धित व्यक्तिले आप्नो राष्ट्रिय कानूनले निर्धारित गरेको प्रक्रिया अवलम्वन गरी गरिने कारवाइ नै फैसलाको कार्यान्वयन हो । फैसला कार्यान्वयन एक जटिल एवं चुनौतीपुर्ण कार्य हो । यसको कार्यान्वयन बिना न्यायको लक्ष्य पुरा हुन सक्दैन । कार्यान्वयन नगरिउको पैसलाको कुनै अर्थ हुदैन । त्यो केवल देखावटी पूलको रुपमा मात्र रहन जान्छ । भनिन्छ फैसला राम्रो र तर्कपूर्ण मात्र हैन, कार्यान्वयन योग्य पनि हुनु पर्छ । यसको सफल कार्यान्वयनबाट नै उपभौक्ताले सच्चा न्यायको अनुभुति गर्दछन् । कार्यान्वयन गर्न नसकिने प्रकृतिका फैसलालाई वास्तविक अर्थमा फैसला मान्न सकिदैन । हाम्रा अनुभवहरुमा

[1] श्रोत दोश्रो पञ्च वर्षीय रणनीतिक योजना

कतिपय फैसलाहरु फैसलाकै कारण कार्यान्वयन गर्न नकिने अवस्थाका पनि रहेका छन । त्यस्ता फैसलाह्रुले सामाजिक एवम् न्याीयक रुपमा झन जटिलता थप्ने काम गर्दछन ।

- अपराधीलाई दण्ड सजाय दिलाइ दण्डहिनताको अन्त्य गर्न,
- पिडित पक्षलाइ उपचार प्रदान तथा हक प्रचलन गराई न्याय पाएको अनुभुती दिलाउन
- कमजोरवर्गको न्यायमा पहूँच पुर्‍याउन,
- अदालत तथा न्यायप्रति जनआस्था बृद्धि गर्न,
- कानूनी राज्यको स्थापना इत्यादी,
- कानून र फैसलालाई जीवन्तता प्रदान गरी न्यायलाई सकार वनाउन,
- समाजमा शान्ति र अमन चयन, कानूनी शासन कायम गर्न,
- अदालतप्रतिको जनआस्थामा अभिवृद्धि गराउन,

फैसला आफैमा पूर्ण हुदैन, यसले कार्यान्वयनपछि मात्र पूर्णता प्राप्त गर्दछ । कार्यान्वयन बिनाको फैसला कागजी न्याय वा अदालती घोषणामा मात्र सिमित हुने कुरामा कुनै विवाद छैन । वास्तवमा न्याय प्रशासनको सार्थकता निर्णयको कार्यान्वयनमा भर पर्ने हुन जान्छ । यसवाट न्यायको मकसद पूरा हुन्छ ।

**३. फैसला कार्यान्वयनमा सम्वोधन गरिनु पर्ने केही विषयहरु :**

- तहसिलदारले गरेको निर्णय उपर अ. वं. ६१ नं.अनुसार न्यायधीश समक्ष उजुर गर्न निर्णय मितिले वा थहा पाएको मितिले १५ दिन भित्र गर्ने ?
- नपुग विगोमा प्रतिवादीलाई थुनामा राख्ने आदेश न्यायधिश वा तहसिलदार कसले गर्ने ?
- मुद्धा चल्दाचल्दैको सम्पत्तिवाट मात्र विगो भराउन मिल्ने हो वा प्रतिवादीको जुनसुकै सम्पत्तिवाट भराउन सकिने हो ?
- करारिय दायित्वमा थुनामा राख्न पाईने हो वा होइन ?
- दोहोरो रोक्का रहेको सम्पत्तिवाट, मूल अंशियारको नाउको सम्पत्तिबाट, मोहियानी हकको सम्पत्तिवाट, उखडा जग्गाबाट कसरी विगो भराउन हो ?
- दण्डसजायको २६ नं. र लेनदेन व्यवहारको ८ र ९ नं. को अन्तरसम्बन्ध कस्तो छ ?
- अभिलेख शाखा तहसिलदार वा श्रेस्तेदार कसको नियन्त्रणमा रहदा उपयुक्त हुन्छ ?
- घरसारमा मिलेकोमा अढाई दस्तुर लिने वा नलिने ?
- कानून बमोजिम मिलापत्र हुने मुद्धामा फैसला कार्यान्वयनको चरणमा मेलमिलाप ( Mediation)
- फौज्दारी मुद्धाको फैसला कार्यान्वयन अदालत वा कार्यकारिणी/सरकार कसको जिम्मेवारी ।
- फैसला कार्यान्वयनमा वल प्रयोग तथा सुरक्षा सरोकारको सर्न्दभमा न्यायिक प्रहरी : एक लामो वहस ।
- न्यायिक प्रहरीको दोहोरो प्रयोजन : फैसला कार्यान्वयन र न्यायिक सुरक्षा ।

F.N : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन,२०६६

- फौज्दारी मुद्धाको फैसला कार्यान्वयनमा सरकारी वकिलको भूमिका खोज्ने प्रयास ।
- Guidelines on the Role of Prosecutors,1990, Article 11 reads as '...supervision of the execution of court decisions and the exercise of other functions as the representatives of the public intrest.'
- दोस्रो रणनीतिक योजना (२०६६–०७१) ले फैसला कार्यान्वयनलाई मुलकार्य २ मा समावेश गरी उच्च प्रथमिकतामा राखेको छ । यो योजनाले प्रत्येक वर्ष दुई पटक अनिवार्य डोर खटाउने र प्रत्येक वर्ष कम्तिमा त्रैमासिक रुपमा कैद जरिवाना फर्छ्योट समितिको वैठक बसई लगत काट्ने भनिएपनि सो अनुसार गर्दा कति लगत असुल उपर भयो त भन्ने प्रश्न पनि जिवतै छ ।

## ४. समस्याहरुको पहिचान

- लामो, जटिल, छरिएको, विरोधाभाषपुर्ण, प्रकृयामुखी, बहुअर्थी, हार्ने पक्षको पृष्ठपोषण हुने खालको, प्रसस्त छिद्र रहेको फैसला कार्यान्वयन सम्वन्धि कार्यविधि कानून ।
- अदलतहरुको आन्तरिक व्यवस्थापनमा पनि असुल तहसिलको महत्वपूर्ण पक्षमा कहिले काही चर्चा हुने गरे पनि भर्खरै मात्र ध्यान आकर्षित भएको र पुरानो लगत ( Backlog ) ले थिची सकेको अवस्था छ ।
- तहसिल शाखामा स्रोत साधन र दक्ष तथा पर्याप्त जनशक्तिको अभाव ।
- लगत तथा अभिलेख संरक्षणमा अनेकता ।
- फौज्दारी मुद्धाको फैसला कार्यान्वयनमा प्रहरी, अभियोजनकर्ता र अदालतको तहसिल शाखा विच संस्थागत र संरचनागत समन्वयको अभाव ।
- सामाजिक असुरक्षाले डोर खटिने तथा असुल तहसिलमा पारेको प्रभाव ।
- प्रहरी सहितको छुट्टै संस्थागत संरचनाको अभाव ।
- फौज्दारी मुद्धाका फैसला कार्यान्वयनमा निराशाजनक अवस्थाले गर्दा दण्डहिनताले मलजल पाएको ।
- नेपाली कानून प्रणाली लामो संक्रमणबाट गुज्रिरहेकोले कानून कार्यान्वयन गर्ने राज्यका एजेन्सीहरु तथा कानूनी सम्प्रदायले कानूनको उद्देश्य बमोजिम यसको सदुपयोग गर्नु पर्नेमा जानी/ नजानी दुरुपयोग भईरहेको छ । यसको उदाहरणमा फैसला कार्यान्वयनमा रिट क्षेत्रको अनियन्त्रीत प्रयोग, द. स. को ६१ नं. तथा अ.वं. १७ नं. को त्यही विषयमा पटक–पटक दुरुपयोग । यसले गर्दा न्याय प्रणालीमा निर्णय अन्तिमताको सिद्धान्त ( Finality of Judgement ) नै धरमराएको होईन भन्ने जिज्ञासा जो कोहीलाई आउन सक्छ ।
- अदालतको भन्दा पक्षहरु तथा कानून व्यवसायीको नियन्त्रणमा अदालती प्रकृया ।
- सरोकारवालाहरु विचका स्वार्थहरुमा टकराव ( Conflict of Interest ) आदि ।
- प्रभावकारी अनुगमन तथा निरीक्षणको कमि ।

## ५. सरोकारवालालाई सुझवहरु

➢ कानून सुधार : सारभुत तथा कार्यविधि दुवै,

F.N : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन,२०६६

- स्रोत साधन र जनशक्तिको व्यवस्था,
- दण्ड र पुरस्कारको वस्तुगत प्रयोग,
- सरोकारवाला विच संरचनागत समन्वय,
- न्यायिक प्रहरीको यथाशिघ्र व्यवस्था हुनु पर्ने,
- अदालत नियन्त्रित मुद्धा प्रवाह व्यवस्थापन लागू गरिनु पर्ने,
- लगत अद्यावधिक तथा एकरुपता कायम गर्ने,
- मेलमिलापको व्यवस्था,
- कानून संशोधन गरी फैसला कार्यान्वयनमा हार्ने पक्षको दायित्व वढाउने,
- तपसिल खण्ड स्पष्ट लेख्ने,
- प्रभावकारी अनुगमन तथा निरिक्षण ।

**६. अभिमुखिकरण कार्यक्रम :**

निर्देशनालयले आफ्नो स्थापना पश्चात देशभर रहेका लगतहरुलाई एकीकृत रुपमा केन्द्रीय डाटा बैङ्क तयार गर्ने कार्यलाई आफ्नो प्रमुख कार्यको रुपमा लिए अनुरुप नयाँ लगत किताब तयार गरेको र सर्वोच्च अदालतको सूचना प्रविधि शाखाको सहयोगमा सो लगत किताव अनुसारको Web Based सफ्टवेयर समेत निर्माण भएको छ । पुरानो लगत किताबमा राखिएका तथ्याङ्कहरु अपुरो रहेको तथा लगत व्यवस्थित समेत नरहेको कारण कतिपय तथ्याङ्कहरुमा फेरवदल पनि भएको अवस्था समेत फेला परेको छ । लगत लागेका व्यक्तिहरुको तथ्याङ्क सम्वन्धित जिल्लामा मात्र रहने भएको, बसाई सराई तथा अन्य कतिपय कारणले गर्दा त्यस्ता व्यक्तिहरु शुरुको वतनमा नरहने तथा नाम ढाँटेर नागरिकताको प्रमाण पत्र समेत अर्कै बनाएर अदालतको फैसलालाई छल्ने गरेको समेत पाइएको सन्दर्भमा केन्द्रिकृत अभिलेख प्रणाली तयार गर्न र सो अभिलेखलाई प्रकाशन गरी देशै भरी प्रसारित गरेर दण्ड जरिवाना असुल उपरलाई प्रभावकारी बनाउने लक्ष्य फैसला कार्यान्वयन निर्देशनालयले लिएको छ । यसै लक्ष्यलाई पुरा गर्न सम्मनित सर्वोच्च अदालतसंग स्रोत साधनको माग गरिएकोमा सर्वोच्च अदालतकै निर्देशनमा न्यायमा पहुच परियोजनाको साथ जुट्यो ।

निर्देशनालयले तयार गरको नयाँ सफ्टवेयर तथा नयाँ लगत किताबमा लगतको विवरण उतार गराउनको लागि अभिमुखिकरण कार्यक्रमको आवश्यकता महशुस गरी निर्देशनालायले UNDP को न्यायमा पहुँच अभिवृद्धि कार्यक्रमसँग साझेदारी गरियो । देशका सम्पूर्ण जिल्लाका तहसिलदार, तहसिल शाखामा कार्यरत कर्मचारी तथा लगत प्रविष्ट गर्ने काममा जोडिएका कम्प्युटर अपरेटर/टाईपिष्ट, अभिलेख शाखा, लेखा शाखा समेतका कर्मचारीलाई फैसला कार्यान्वयनलाई केन्द्रविन्दुमा राखेर २०६६ साल चैत्र १५ गतेदेखि शुरु भएर २०६७ साल बैशाख ६ गते सम्म अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । सो तालिम पश्चात अहिले देशमा पुराना लगतहरुलाई नयाँ लगत किताबमा सार्ने तथा सफ्वेयरमा इन्ट्रि गर्ने कार्य भई रहेको छ ।

## ७. आ.व. ०६६/०६७ को वार्षिक कार्यक्रमको मुल्याकंन

२.१ फैसला कार्यान्वयन निर्देशनालय स्थापना र सुदृढीकरण गर्ने

| कार्य | कार्य सम्पन्न | सम्पन्न हुन बाकी |
|---|---|---|
| फैसला कार्यान्वयन निर्देशनालय स्थापनाको लागि नियमावलीहरुमा आवश्यक संशोधन गर्ने | पूर्ण वैठकवाट सर्वोच्च अदालत नियमावली संशोधन | नेपाल राजपत्रमा प्रकाशित हुन बांकी छ। |
| निर्देशनालयको स्थापना गर्ने | स्थापना भईसकेको | संस्थागत क्षमता अभिबृद्धि हुदै |

२.२. फैसला कार्यान्वयन निकायको क्षमता बृद्धि गर्ने

| कार्य | कार्य सम्पन्न | सम्पन्न हुन बाकी |
|---|---|---|
| फैसला कार्यान्वयन निकायहरुको आवश्यकता सर्वेक्षण/पहिचान गर्ने | देश भरिका सबे जिल्ला अदालतका तहसिल तर्फका कर्मचाचारीलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न | समस्या पहिचान भएको र O&M हुदै |
| आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने(सवारी साधन, दैनिक तथा भ्रमण भत्ता, बैठक भत्ता, खाजा खर्च, यन्त्र उपकरण आदि) | A2J परियोजन सगको सहकार्यमा लगत अद्यावधिक गर्ने कार्य भईरहेको। | हाल सम्म निर्देशनालयलाई वजेट विनियोजन नभएको। |
| फैसला कार्यान्वयन सम्बन्धी काम कारवाही र अभिलेखको एकीकृत वेब बेस्ड डाटावैंक सिर्जना गरी केन्द्रीय निर्देशनालयसँग आबद्ध गर्ने | यसका लागि Web based software निर्माण भई कार्य भई रहेको छ। | समय वाकी नै छ। |

२.३. असूल तहसिललाई प्रभावकारी बनाउन दण्ड, जरिवानाको लगत व्यवस्थित गर्ने

| कार्य | कार्य सम्पन्न | सम्पन्न हुन बाकी |
|---|---|---|
| लगत अभिलेखको विद्यमान ढाँचाको पुनरावलोकन गरी एकरुपता कायम गर्ने | लगत कितावको नयां ढाचा तयार तथा छपाई सम्पन्न | |
| दण्ड जरिवानाको अभिलेख कम्प्युटरमा दर्ता गर्ने | कम्प्युटरमा दर्ता गर्ने कार्य भइरहेको छ। | समय वाकी नै छ। |
| दर्ता भएका सबै अभिलेखहरुलाई फैसला कार्यान्वयन निर्देशनलायको केन्द्रीय अभिलेखमा आबद्ध र अद्यावधिक गर्ने | यसै कार्यको लागि Web based software निर्माण सम्पन्न भएको छ। | समय वाकी नै छ। |
| अद्यावधिक गरिएका लगतहरु वार्षिक रुपमा स्थानीय स्तरमा प्रकाशन र वितरण गर्ने | कमशः हुने | समय वाकी नै छ। |
| नियमानुसार दण्ड जरिवाना मिनाहाका लागि लगत फछ्र्यौट समितिको बैठक बस्ने | कमशः हुने | समय वाकी नै छ। |
| दण्ड जरिवाना असुलीको लागि नियमानुसार डोर खटाउने | कमशः हुने | समय वाकी नै छ। |

**•समाप्त•**